# गैंडाकोट नगरपालिका नगर कार्यपालिकाको पहिलो बैठकका निर्णयहरु

## निर्णय नं. १

स्थानीय तह निर्वाचन, २०७४ मा यस गैंडाकोट नगरपालिकाको निर्वाचन सम्पन्न गर्न आ-आफ्नो क्षेत्रवाट योगदान पुऱ्याउने मतदाता, निर्वाचन आयोग, निर्वाचन अधिकृत तथा कर्मचारी, राजनैतिक दल, सुरक्षा निकाय, सरकारी तथा गैरसरकारी संघसंस्था, निर्वाचन पर्यवेक्षक, नागरिक समाज, संचारकर्मी तथा सम्वन्धित सवैलाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

## निर्णय नं. २

यस नगर कार्यपालिकाको बैठकलाई व्यवस्थित पारदर्शि एवम अनुमान योग्य वनाउन नगरसभावाट कार्यविधि तय नभएसम्मका लागि देहाय वमोजिमको कार्यविधि पारित गर्ने निर्णय गरियो ।

१) नगर कार्यपालिकाको बैठक कम्तीमा महिनाको दुई पटक वस्नेछ ।

२) प्रमुखको आदेश अनुसार नगर कार्यपालिकाको सचिवले नगरकार्यपालिकाको बैठक बोलाउनेछ । विशेष अवस्थामा वाहेक प्रत्येक महिनाको पहिलो र तेस्रो बुधवार नियमित बैठक वस्नेछ ।

तर तीन महिनासम्म पनि प्रमुखले बैठक बोलाउने आदेश नदिएमा एक तिहाइ सदस्यहरुको लिखित अनुरोधमा सचिवले नगर कार्यपालिकाको बैठक वोलाउनेछ । यसरी वोलाईएको बैठकमा छलफल गरिने विषय स्पष्ट रुपमा किटानी गरी बैठक वस्ने मिति भन्दा ४८ घण्टा अगावै सवै सदस्यलाई उपलब्ध गराउनु पर्नेछ ।

३) प्रमुखको अनुपस्थितिमा उपप्रमुखले र उपप्रमुख पनि अनुपस्थित भएमा बैठकमा उपस्थित सदस्यहरुले आफु मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

४) नगर कार्यपालिकाको बैठकमा तत्काल कायम रहेको सदस्य सङ्ख्याको पचास प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

५) नगर कार्यपालिकाको बैठकको निर्णय नगर कार्यपालिकाको सचिवले प्रमाणित गर्नेछ ।

**६) बैठक वस्ने स्थान र समय :**

- नगर कार्यपालिकाको बैठक नगर कार्यपालिकाको कार्यालयमा बस्नेछ ।
- प्रमुखको निर्देशनमा सचिवले नगर कार्यपालिकाको बैठकको कार्यक्रम लिखित रुपमा तयार गर्नेछ ।
- बैठकमा उपस्थित सदस्यले उपस्थित पुस्तिकामा सही गर्नुपर्नेछ ।
- बैठकमा सुव्यवस्था गर्ने काम बैठकको अध्यक्षता गर्ने ब्यक्तिले गर्नेछ ।
- अध्यक्षको आसनको सम्मान र आदर गर्नु नगर कार्यपालिकाका सदस्यको कर्तव्य हुनेछ ।
- बैठकको छलफलमा भाग लिने सदस्यहरुले बोल्ने पालो तथा बोल्न पाउने समयको अवधि बैठकको अध्यक्षता गर्ने ब्यक्तिले निर्धारण गरे वमोजिम हुनेछ ।
- एक जना सदस्यले बोलिरहेको समयमा कुनै अर्को सदस्यले बीचमा कुरा काट्नु हुदैन ।

**७) प्रस्ताव पेशः**

कुनै सदस्यले बैठकमा छलफलको लागि कुनै सदस्यको तर्फवाट पेश गर्ने विषय प्रस्तावको रुपमा राख्नुपर्नेछ :

- बैठकमा छलफलको लागि पेश हुने प्रस्तावको सूचना बैठक सुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगाडि नै लिखित रुपमा देहायको रित पुऱ्याइ सचिवलाई दिनुपर्नेछ ।
    - ➢ नेपाली भाषामा लेखिएको,
    - ➢ नगर कार्यपालिका सदस्यमध्येवाट कम्तीमा एकजना प्रस्तावक र एकजना समर्थकको सही भएको,
    - ➢ प्रस्तावको विषय स्पष्ट र व्यवहारिक भएको,
    - ➢ अध्यक्षता गर्ने ब्यक्तिले छलफलको लागि स्वीकृति दिएको,
- एउटै विषयमा दुइवटा प्रस्ताव प्राप्त हुन आएमा पहिले दर्ता भएको प्रस्तावलाई बैठकको कार्यक्रममा राखिनेछ ।

**८) प्रस्तावमा छलफलको प्रक्रिया** :

- अध्यक्षता गर्ने ब्यक्तिले बैठकमा प्रस्ताव पेश गर्ने अनुमति दिनेछ र प्रस्ताव पेश गर्ने सदस्यले सो प्रस्ताव ल्याउनु पर्नाको कारण सहित आफ्नो भनाई प्रस्तुत गर्नेछ ।

- प्रस्तावक सदस्यले आफ्नो भनाई राखिसकेपछि सो प्रस्ताव उपर वोल्न चाहने अन्य सदस्यलाई बैठकको अध्यक्षता गर्ने ब्यक्तिले वोल्न अनुमति दिनेछ ।
- बैठकको अध्यक्षता गर्ने ब्यक्तिले बैठकको कार्यक्रमको विचार गरी प्रत्येक प्रस्तावमाथि गरिने छलफलको समयावधी र त्यस्तो छलफलमा प्रत्येक सदस्यले वोल्न पाउने समय तोक्न सक्नेछ ।
- बोल्न चाहने सदस्यले वोलिसकेपछि बैठकको अध्यक्षता गर्ने ब्यक्तिले प्रस्तावक सदस्यलाई पुनः वोल्ने अनुमति दिन सक्नेछ ।
- निर्णयको लागि प्रस्तुत हुनु अगावै प्रस्तावक सदस्यले चाहेमा प्रस्ताव फिर्ता लिन सक्नेछ ।
- नगर कार्यपालिका संम्वन्धी आवश्यक विषयमा नगर कार्यपालिकाको सचिवले प्रमुखको परामर्शमा प्रस्ताव पेश गर्न सक्नेछ ।

**९) प्रस्ताव पेश गर्दा वा छलफल गर्दा गर्न नहुने कुराहरु** :

बैठकमा प्रस्ताव पेश गर्दा वा छलफल गर्दा देहायका कुराहरु गर्नु हुदैन :

- अशिष्ट शब्दको प्रयोग
- कसैको ब्यक्तिगत प्रतिष्ठामा धक्का पुऱ्याउने शब्दको प्रयोग
- तोडफोड वा वलको प्रयोग
- **"नेपालको संविधान २०७२"** को भावना  विपरित हुने विषयमा छलफल
- प्रस्तावमाथि वोल्ने क्रम समाप्त भएपछि बैठकको अध्यक्षता गर्ने ब्यक्तिले सो प्रस्ताव निर्णयको लागि प्रस्तुत गर्नेछ । तर बैठकको अध्यक्षता गर्ने ब्यक्तिलाई कुनै प्रस्तावको सम्वन्धमा पर्याप्त छलफल भइसकेको छ भन्ने लागेमा निजले सो प्रस्ताव निर्णयको लागि प्रस्तुत गर्नेछ ।

१०) **निर्णय गर्ने तरिका तथा निर्णयको घोषणा** :

बैठकको वहुमत प्रस्तावको पक्ष वा विपक्षमा छ भन्ने कुराको निर्णयको लागि बैठकको अध्यक्षता गर्ने ब्यक्तिले देहायको तरिका अपानाई बैठकको निर्णयको घोषणा गर्नेछ :

- प्रत्येक सदस्यलाई पालैसँग मौखिक मत प्रकट गर्न लगाएर
- प्रस्तावको पक्ष वा विपक्षमा हात उठाउन लगाएर
- प्रस्तावको पक्षमा मत प्रकट गर्नेलाई एक समूहमा र विपक्षमा मत प्रकट गर्नेलाई अर्को समुहमा विभाजन गरेर ।
- यसरी बहुमत छुट्टाउन ब्यवहारिक नभएमा अध्यक्षता गर्ने ब्यक्तिले सदस्यहरुलाई गोप्य मतदान गर्न लगाइ निर्णय घोषणा गर्नेछ ।

**११) निर्णयको अभिलेख :**

- सचिवले बैठकमा भएको निर्णयलाई निर्णय पुस्तिकामा अभिलेख गरी उपस्थित सदस्यलाई सही गराई राख्नु पर्नेछ ।
- बैठकवाट भएको कुनै निर्णयमा चित्त नबुझ्ने सदस्यले निर्णय पुस्तिकामा छोटकरीमा आफ्नो फरक मत जनाउन सक्नेछ ।
- सचिवले निर्णय पुस्तिकामा हस्ताक्षर गरी आफ्नो उपस्थिति जनाउनु पर्नेछ ।

**१२) निर्णय प्रमाणित** :

बैठकको निर्णय उतार सचिवले प्रमाणित गरि सदस्य तथा निर्णयसँग सम्वन्धित निकायमा पठाउनु पर्नेछ ।

**१३) सचिवले वोलाउने बैठक सम्वन्धी कार्यविधी** :

- सचिवले बैठक वोलाउदा बैठक वस्ने मिति, समय, स्थान र वैठकमा छलफल गरिने विषय समेत स्पष्टरुपले खुलाईएको सूचना बैठक वस्ने मितिभन्दा सामान्यतया ४८ घण्टा अगावै नगर कार्यपालिकाको सदस्यलाई दिनुपर्नेछ।
- त्यस्तो बैठक वोलाउन अनुरोध प्राप्त भएको मितिले सात दिनभित्र वस्नुपर्नेछ ।
- यसरी वोलाईएको बैठकमा जुन विषयमा छलफल गर्न बैठक वोलाईएको हो सो वाहेक अन्य विषयमा छलफल गरिने छैन ।

## निर्णय नं. ३

नेपालको संविधान तथा अन्य प्रचलित कानुन एवम सम्भाव्य संघीय कानुन समेतका आधारमा नगर कार्यपालिका तथा वडा कार्यालयवाट सम्पादन गर्नुपर्ने काम, कर्तव्य, अधिकार एवम् निर्वाह गर्नुपर्ने दायित्व, भौगोलिक अवस्था, सेवामा पहुँचको अवस्था, सेवाग्राहीको चाँप, स्थानीय राजश्वको आधार समेतलाई दृष्टीगत गरी मौजुदा दरवन्दिमा गर्नुपर्ने थपघट तोकिएका पदहरुले सम्पादन गर्नुपर्ने कार्यविवरण समेत उल्लेख गरी तत्काल संगठन तथा व्यवस्थापन सर्वेक्षण (O & M) गर्नुपर्ने अवस्था छ । स्थानीय तह सम्वन्धि संघीय कानुन निर्माण भएपछि नगरसभामा यस नगर कार्यपालिकाको संगठन संरचना स्वीकृत गराउने प्रयोजनको लागि विज्ञ समेतको सहयोग आवश्यक छ । उल्लेखित विज्ञ समुहलाई सहजीकरण एवम् स्थानीय वस्तुस्थीतीको अवगत गराउने प्रयोजनका लागि नगर कार्यपालिकाका तपसिल वमोजिमका सदस्यहरु रहने गरी देहाय वमोजिमको एक संगठन तथा व्यवस्थापन सर्वेक्षण सहजिकरण समिति गठन गर्ने निर्णय गरियो ।

**संगठन तथा व्यवस्थापन सर्वेक्षण सहजिकरण समिति :**

१) सदस्य : श्री नवराज कंडेल
२) सदस्य : श्री कुमारी रेखा पौडेल
३) सदस्य : श्री गोविन्द प्रसाद सुवेदी
४) सदस्य : श्री संगीता घिमिरे
५) सदस्य : श्री रमेश भट्टचन
६) सदस्य सचिवः श्री लिलाधर शर्मा

## निर्णय नं. ४

गैंडाकोट नगरपालिकामा रहेको १८ वटा वडाहरुमा भिन्न-भिन्न विशेषता र भौगोलिक अवस्था समेत भिन्न रहेको हुँदा प्रत्येक वडाको विकासका लागि तत्कालिन, अल्पकालिन र दिर्घकालिन योजना तर्जुमा गरी प्राथमिकिकरण गर्नुपर्ने भएकाले उक्त योजना निर्माणका लागि सम्वन्धित वडा समितिहरुलाई १५ दिन भित्र नगरपालिका समक्ष प्रतिवेदन पेश गर्न लगाउने निर्णय गरियो ।

## निर्णय नं. ५

प्रचलित कानून वमोजिम नगर कार्यपालिकालाई तोकिएका कार्यको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन मूल्यांकन समन्वय एवम् सहजीकरण कार्यलाई विशिष्टिकृत गरी निर्धारित लक्ष्य गुणस्तरयुक्त ढंगवाट समयमानै सम्पन्न गर्न अर्को व्यवस्था नहुन्जेल सम्मको लागि तपसिलमा उल्लेखित कार्य क्षेत्र निर्धारण गरी देहाय वमोजिमका विषयगत समिति गठन गर्ने निर्णय गरियो ।

**क) योजना, पूर्वाधार र संरचना विकास समिति**

१) संयोजक : श्री कुमारी रेखा कंडेल
२) सदस्य : श्री हरि प्रसाद सापकोटा
३) सदस्य : श्री रामकुमार श्रेष्ठ
४) सदस्य : श्री कोकिसरा रानामगर
५) सदस्य : श्री तिल वहादुर चितौरे मगर
६) सदस्य सचिवः ई. श्री राजु अर्याल

- योजना पद्धतिको अनुशरण गर्दै व्यवस्थित शहरीकरण एवम् नगरको दिगो र समग्र विकासको दीर्घकालिन योजना निर्माण सम्वन्धी कार्य गर्ने, गराउने ।
- नगरपालिका क्षेत्रमा निर्माण गरिने घर, भवन आदिको नक्सा पास सम्वन्धी कार्य गर्ने, गराउने ।
- नगरपालिका क्षेत्रमा आवस योजना बनाई लागू गर्ने सम्वन्धी ।
- नगर क्षेत्रभित्रका सडक एवम् ठूला पूर्वाधार सम्वन्धी ।
- नगरपालिका क्षेत्रमा सिँचाई, खानेपानी र ढल निकास सम्वन्धी ।
- नगरपालिका क्षेत्रका विभिन्न ठाउँहरुमा सार्वजनिक शौचालयको व्यवस्थाका साथै बसपार्क लगायत अन्य यातायातका साधनको लागि व्यवस्थित पार्किङ्ग सम्वन्धी ।
- नगर क्षेत्रभित्र खेलकुदका पूर्वाधार, सामुदायिक भवन तथा विश्राम गृह सम्वन्धी ।
- नगरपालिका क्षेत्रको भू-उपयोग नक्सा बनाई औधोगिक, आवासीय, कृषि, मनोरन्जन स्थल आदि क्षेत्र तोक्ने र सो अनुरुप कार्यान्वयन गर्ने गराउने सम्वन्धी ।

**ख) कृषि, वन तथा वातावरण समिति :**

१) संयोजक : श्री शिवकान्त तिवारी
२) सदस्य : श्री कान्तिमाया पुरी गिरी
३) सदस्य : श्री निरा दर्जी
४) सदस्य : श्री डिलाराम रिजाल
५) सदस्य : श्री देवीदत्त कंडेल
६) सदस्य सचिवः

- कृषियोग्य भूमिको खण्डिकरण हुन नदिने, नगर भू- उपयोग योजना यथासक्य छिटो तयार पारी कार्यान्वयनमा लैजाने साथै कृषि तथा पशुजन्य उत्पादनको पकेट क्षेत्र विकास गर्ने ।
- अर्गानिक कृषि खेतीलाई प्रर्वद्धन गर्नका लागि प्राङ्गारिक मल, विऊ, बिऊ बैकं, कोल्ड, स्टोरेज, कृषि उपज संकलन केन्द्र लगायतका अन्य स्रोत तथा पूर्वाधारहरुको व्यवस्था सम्वन्धी ।
- नगरपालिका क्षेत्रमा सिँचाई योजना लागू गर्नुपर्ने भएमा त्यसको योजना बनाई कार्यान्वयन गर्ने सम्वन्धी ।
- नगरपालिका क्षेत्रभित्रका वनको वैज्ञानिक व्यवस्थापन सम्वन्धी ।

- वनस्पति, वनजन्य जडिबुटी र अन्य प्राकृतिक सम्पदा (नदिजन्य स्रोत समेत) को संरक्षण, अनुगमन, नियमन, उपयोग एवम् उचित मात्रामा नियमानुसार निकासी गर्ने गराउने सम्वन्धी ।
- नगरपालिका क्षेत्रमा रहेका खोलानाला, कुवा, इनार पोखरी, तलाउ, ढुंगेधारा आदिको संरक्षण गरी सदुपयोग गर्ने सम्वन्धी ।
- नगरपालिका क्षेत्रमा संभावित नदी कटान, बाढी तथा भु-क्षय आदिको नियन्त्रण र रोकथाम सम्वन्धी ।
- नगरपालिका क्षेत्रमा हुने जलवाय, तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग सम्वन्धी ।
- नगरपालिका क्षेत्रमा सरसफाईको कार्यक्रम संचालन गरी फोहोरमैला संकलन, ढुवानी तथा तह लगाउने सम्वन्धी कार्य गर्ने, गराउने ।
- नगरक्षेत्र भित्रका सार्वजनिक जग्गाहरुको संरक्षण गरी उक्त स्थान र सडकको दायाँ वायाँ बृक्षारोपण गरी हरियाली प्रवर्द्धन गर्ने सम्वन्धी ।

**ग) जनसंख्या तथा सामाजिक समिति :**

१) संयोजक : श्री ध्रुवराम पौडेल
२) सदस्य : श्री गोविन्द प्रसाद सुवेदी
३) सदस्य : श्री मेनुका कंडेल
४) सदस्य : श्री सुक वहादुर दराई
५) सदस्य : श्री संगिता घिमिरे
६) सदस्य सचिवः

- स्वास्थ्य, शिक्षा, समाज कल्याण तथा लक्षित समूह सम्वन्धी सम्पूर्ण कार्यक्रम संचालन गर्ने, गराउने ।
- सामाजिक सुरक्षा सम्वन्धी कार्यक्रम संचालन गर्ने ।
- ऐतिहासिक, साँस्कृतिक तथा धार्मिक महत्वका स्थानहरुको लगत तयार गरी तिनिहरुको मर्मत संभार गरी संरक्षण र सम्वर्द्धन सम्वन्धी कार्य गर्ने, गराउने ।
- नगरपालिका क्षेत्रभित्रका पुरातात्विक वस्तु, भाषा, धर्म कला र संस्कृतिको संरक्षण, सम्वर्द्धन एवम् प्रयोग गर्ने गराउने ।
- आर्थिक दृष्टिले अत्यन्त पिछडिएका उत्पिडित जनजातिहरुका छोरा-छोरीलाई छात्रवृतिको व्यवस्था सम्वन्धी कार्य गर्ने, गराउने ।
- सहकारितामा आधारित विविध कार्यक्रमहरु तर्जुमा गरी संचालन गर्ने गराउने ।
- दैवी प्रकोप नियन्त्रण गर्न आवश्यक व्यवस्था सम्वन्धी ।
- नगरपालिका क्षेत्रभित्रको जनसंख्या तथा घरजग्गाको लगत राख्ने तथा घरको ब्लक नम्वर राख्न सहयोग गर्ने ।
- नगरपालिका क्षेत्रभिका असहाय, अनाथ, अपाङ्ग र श्रमिक बालबालिकाको लगत राख्ने र उनीहरुको उपयुक्त व्यवस्थापन सम्वन्धी कार्य गर्ने, गराउने ।
- पशुवधशालाको प्रवन्ध, छाडा बस्तुको व्यवस्थापन, गल्ली तथा सडकमा बत्तीको व्यवस्था, हाट बजार मेला आदिको व्यवस्थापन सम्वन्धी कार्य ।
- कुनै विशिष्ठ व्यक्तिलाई नगरको सम्मानार्थ विशिष्ठ व्यक्तिको रुपमा सम्मान प्रदान गर्ने ।
- गरिव घर परिवारको विवरण तथा लगत अद्यावधिक गरी गरिब घर परिवार लक्षित कार्यक्रम, स्थानीय आर्थिक विकास कार्यक्रमलाई गरिबी निवारण सँग जोड्न ।
- बेरोजगारको तथ्याङ्क संकलन गरी रोजगारीका क्षेत्र पहिचान एवम् रोजगारीका अवसर निर्माणमा योजना तर्जुमा सम्वन्धी कार्य गर्ने, गराउने ।
- स्थानीय तहमा सकुम्बासीको पहिचान गरी लगत राख्ने तथा स्थानीय स्तरमा उनीहरुको बसोवास र जिविकोपार्जन सम्वन्धी कार्य गर्ने।
- पुस्तकालय, वाचनालय एवम् नगर सूचना केन्द्रको व्यवस्थित रुपमा संचालन र व्यवस्थापन सम्वन्धी ।
- लैगिंक समानता र सामाजिक कुरीति, अशोभनीय व्यवहारका बिरुद्ध जनचेतनामूलक अभियान संचालन गर्ने तर्फ योजना निर्माण सम्वन्धी ।

**घ) सु-शासन तथा संस्थागत विकास समिति :**

१) संयोजक : श्री चोलानाथ उपाध्याय
२) सदस्य : श्री पदमलाल पौडेल
३) सदस्य : श्री भीम वहादुर कुमाल
४) सदस्य : श्री लक्ष्मी प्रसाद सापकोटा
५) सदस्य : श्री रत्न वहादुर खड्का
६) सदस्य सचिवः

- नगरपालिकाको मानव संसाधन योजना तर्जुमा सम्वन्धी ।
- कर्मचारी वृति विकास, क्षमता अभिवृद्धि तथा अन्य सेवा सुविधा सम्वन्धी व्यवस्थापन ।
- सेवा प्रवाहको अवस्थाबारे नागरिकको सन्तुष्टी मापन गरी आवश्यक सुझाव सहितको राय प्रतिवेदन पेश गर्ने सम्वन्धी ।

- कार्यालयको भौतिक व्यवस्थापन, सम्पत्ति संरक्षण लगायतका क्षेत्रमा आवश्यक व्यवस्था सम्वन्धी
- नगरपालिकाका पदाधिकारी एवम् कर्मचारीहरुको आचार संहिता कार्यान्वयनमा ल्याई सु-शासन प्रवर्द्धन सम्वन्धी कार्य गर्ने, गराउने ।
- विभिन्न समय र स्थान अनुकुल अध्ययन, अवलोकन भ्रमणको आयोजना गर्ने, गराउने सम्वन्धी ।
- कार्यालयसँग सम्वन्धित सूचनालाई व्यवस्थित गरी सबै सूचना डिजिटलाइज्ड गर्ने सम्वन्धी ।
- नगर प्रहरी वा स्थानीय प्रहरीको संचालन तथा व्यवस्थापन गर्ने, नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन सम्वन्धी ।
- घर जग्गा धनी पूर्जा वितरण कार्यलाई स्थानीय नागरिकको सहज पहुँच हुने गरी वितरण गर्ने, वितरण गरेका धनी पुर्जाहरुको लगत राख्ने सम्वन्धी व्यवस्थापन ।
- भूमिको वर्गीकरण अनुसारको जग्गाको र जग्गा धनीको लगत राख्ने र मालपोत, घर जग्गा तथा सम्पत्ति करसँग आबद्ध गराउने सम्वन्धी व्यवस्था ।
- विभिन्न ऐन, कानुनले तोकेका अन्य कार्यहरु गर्ने, गराउने सम्वन्धी ।

**ङ) आर्थिक विकास समिति :**

१) संयोजक : श्री रमेश भट्टचन
२) सदस्य : श्री गोर्वधन ज्ञवाली
३) सदस्य : श्री कृष्ण प्रसाद न्यौपाने
४) सदस्य : श्री थिर वहादुर थनेत
५) सदस्य : श्री प्रेम प्रसाद सापकोटा
६) सदस्य सचिवः

- नगरपालिकाको वार्षिक बजेट, योजना र कार्यक्रमहरु तयार गरी नगर परिषद्मा पेश गर्ने ।
- नगरपालिकाले लिने कर, शुल्क, दस्तुर आदि सम्वन्धी अध्ययन गरी दर रेटहरु परिमार्जन गर्न सुझाव दिने,
- राजश्व एवम् करका नयाँ क्षेत्रहरु पहिचान गरी स्रोत पहिचान र आम्दानी प्रक्षेपण गर्ने ।
- उद्योग बाणिज्य संघ लगायत नीजि क्षेत्रका संघ संस्थाहरुसँग साझेदारी विकास गर्न सकिने क्षेत्रहरुको अध्ययन गरी सहकार्य गर्न सुझाव गर्ने
- उपलब्ध स्रोत र साधनको अधिकतम उपयोग गरी गरी परिचालन गर्न मार्ग दर्शन गर्ने सम्वन्धी ।
- स्थानीय व्यापार, वाणिज्य सम्वन्धी बजार एवम् औधोगिक पूर्वाधारको विकास गर्ने, गराउने सम्वन्धी ।
- स्थानीय बजार, हाटबजार, उत्पादित वस्तु र सेवा व्यापारको मूल्य तथा गुणस्तरको अनुगमन, नियमन गरी बजार मूल्य सूचि निर्धारण गर्ने सम्वन्धी कार्य गर्ने, गराउने ।
- नगरपालिका क्षेत्रमा संचालित विकास तथा अन्य कार्यक्रमहरुको नियमित अनुगमत गरी सुधारका सुझाव सहितको प्रतिवेदन पेश गर्ने।
- नगरपालिका क्षेत्रमा बैंक तथा वित्तिय संस्थाहरुको स्थापना, संचालन र विकास सम्वन्धी कार्य गर्ने, गराउने ।
- नगरक्षेत्रमा सहकारी संस्थाहरुको स्थापना, संचालन तथा नियमन सम्वन्धी कार्य गर्ने, गराउने ।

माथी उल्लेखित समितिको कार्य क्षेत्रमा दुविधा भएमा कार्यपालिकाको बैठकद्धारा निर्णय भए वमोजिम हुनेछ ।

## निर्णय नं. ६

यस नगरपालिका क्षेत्रमा दीर्घकालिन रुपमा आवश्यक पर्ने फोहर मैला व्यवस्थापन केन्द्रको (Material Recovery Facility Center-MRF) लागि स्थान पहिचान गर्न तथा नजिकका स्थानीय तह सँग समन्वय गरी सहकार्यको खाका तयार गर्न समेतका लागि देहायको उप समिति गठन गर्ने निर्णय गरियो ।

**फोहरमैला व्यवस्थापन केन्द्र पहिचान उप समिति :**

१) संयोजक : श्री चोलानाथ उपाध्याय
२) सदस्य : श्री नवराज कंडेल
३) सदस्य : श्री शिवकान्त तिवारी
४) सदस्य : श्री थिर वहादुर थनेत
५) सदस्य : श्री गोविन्द प्रसाद सुवेदी
६) सदस्य : श्री लक्ष्मी प्रसाद सापकोटा
७) सदस्य : श्री देवीदत्त कंडेल
८) सदस्य सचिवः

यस समितिको लागि कार्यक्षेत्रगत शर्त (TOR) कार्यकारी अधिकृतले नगरप्रमुख सँग परामर्श गरी तोके वमोजिम हुनेछ ।

## निर्णय नं.७

नगरपालिका कार्यालयवाट आ.व. ०७३।०७४ मा वितरण गर्नका लागि वातावरणमैत्री स्थानीय शासन कार्यक्रम र जनसहभागितामा आधारित सडक सौर्यवत्ति कार्यक्रमवाट तपसिलमा उल्लेखित स्थानहरुमा वाडफाड गर्ने निर्णय गरियो ।

**वातावरण मैत्री स्थानीय शासन कार्यक्रम (EFLG) र जनसहभागितामा आधारीत सडक सौर्य वत्ति जडान गरिने क्षेत्रहरु**

| क्र.स | टोल सुधार समितिको अध्यक्षको नाम र ठेगाना | आयोजनाको नाम र आयोजनाको स्थल वडा नं. र टोल | | ठेगाना | लक्ष्य | एकाई | लागत सहभागिता | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | अनुदान रकम | नगरपालिका | उपभोक्ता समिति | अन्य | जम्मा |
| १ | ९८४५२११११८५ ऋषि राम घिमिरे | छहारी | टो.वि.स | गैंडाकोट-२ | २ | वटा | १३०००० | ४०००० | ३०००० | | २००००० |
| २ | ९८४७०५३१७२ ज्ञानहरी पौडेल | नारायणी | टो.वि.स | गैंडाकोट-२ | ३ | वटा | १९५००० | ६०००० | ४५००० | | ३००००० |
| ३ | ९८५११३४०१० मोहन आचार्य | महादेव | टो.वि.स | गैंडाकोट-४ | ३ | वटा | १९५००० | ६०००० | ४५००० | | ३००००० |
| ४ | ९८५५०५३५१३ लक्ष्मी भट्टराई | झपर्दी नमुना | टो.वि.स | गैंडाकोट-४ | २ | वटा | १३०००० | ४०००० | ३०००० | | २००००० |
| ५ | ९८४५२०७८३२ हरी सापकोटा | गणेश मन्दिर | टो.वि.स | गैंडाकोट-५ | ५ | वटा | ३२५००० | १००००० | ७५००० | | ५००००० |
| ६ | ९८४५४२२२७९ भुमेश्वर सापकोटा | समुन्नति | टो.वि.स | गैंडाकोट-५ | ४ | वटा | २६०००० | ८०००० | ६०००० | | ४००००० |
| ७ | ९८४५६३४५७० हरिप्रसाद कँडेल | स्वावलम्वन | टो.वि.स | गैंडाकोट-६ | १ | वटा | ६५००० | २०००० | १५००० | | १००००० |
| ८ | ९८५५०५१२७४ माधव प्रसाद गौतम | सिद्दिविनायक | टो.वि.स | गैंडाकोट-८ | ५ | वटा | ३२५००० | १००००० | ७५००० | | ५००००० |
| ९ | ९८११२५१८६५ चुणा ब.ठकुरी | नव आदर्स | टो.वि.स | गैंडाकोट-१२ | १ | वटा | ६५००० | २०००० | १५००० | | १००००० |
| १० | ९८६७२२३४१३ टेकनारायण सुवेदी | सिख्रौलि | टो.वि.स | गैंडाकोट-१३ | ५ | वटा | ३२५००० | १००००० | ७५००० | | ५००००० |
| ११ | ९८४७१२१७५१ कोकिसरा रानामगर | तारानगर | टो.वि.स | गैंडाकोट-१४ | ५ | वटा | ३२५००० | १००००० | ७५००० | | ५००००० |
| १२ | ९८०७२८४३२६ मनहरि सापकोटा | अमृतधारा | टो.वि.स | गैंडाकोट-१५ | ५ | वटा | ३२५००० | १००००० | ७५००० | | ५००००० |
| १३ | ९८४५३३३२५६ कमल बहादुर अधिकारी | जागृति | टो.वि.स | गैंडाकोट-१७ | ५ | वटा | ३२५००० | १००००० | ७५००० | | ५००००० |
| | | **जम्मा** | | | **४६** | **वटा** | **२९९००००** | **९२००००** | **६९००००** | ० | **४६०००००** |

जम्मा ११३ मध्ये गत आ.व. मा वाढ्नु पर्ने ४६ मध्ये वाँकि ६७ वटा सोलारवत्ति निम्नानुसार वडागत रुपमा वाडफाड गर्नका लागि

| सि.नं | वडा नं. | सोलार जडान गर्न सकिने सख्या | कैफीयत |
|---|---|---|---|
| **१** | **साविक गैंडाकोट गाविस** | **२९** | |
| | १ | ५ | |
| | २ | २ | |
| | ३ | ३ | |
| | ४ | ४ | |
| | ५ | ० | |
| | ६ | ५ | |
| | ७ | ५ | |
| | ८ | ० | |
| | ९ | ५ | |
| **२** | **साविक मुकुन्दपुर गाविस** | **१७** | |
| | १० | ५ | |
| | ११ | ५ | |
| | १२ | ५ | |
| | १३ | २ | |
| **३** | **साविक अमरापुरी गाविस** | **१२** | |
| | १४ | २ | |
| | १५ | ३ | |
| | १६ | ५ | |
| | १७ | २ | |
| **३** | **साविक रतनपुर गाविस** | **३** | |
| | १८ | ३ | |
| **४** | **अन्य** | **६** | |
| | अमरापुरी वडा कार्यालय | १ | |
| | मुकुन्दपुर वडा कार्यालय | १ | |
| | नगरपालिका भवन | २ | |
| | स्वास्थ्य चौकी पितौजिघाट | १ | |
| | **जम्मा संख्या** | **६७** | |

# गैंडाकोट नगरपालिका नगर कार्यपालिकाका दोस्रो बैठकका निर्णयहरु

**निर्णय नं. १**

नगरपालिका पदाधिकारीहरुको आचार संहिता २०७४ माथि छलफल गर्दा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयद्वारा तयार गरी जारी गएिको उक्त नमुना आचारसंहितालाई आधार मानि देहाय बमोजिमको आचारसंहिता स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

नगरक्षेत्र पूर्वाधारमा यूनिक बोडिङ्ग देखि मेजी जाने बाटोमा विनियोजित रकम स्थानान्तरण सम्वन्धमा साविक गैडाकोट नगरपालिकाको वडा नं. १५ मा विनियोजित रकमलाई आर्दश नारायणी टोल विकास संसथाको वडा नं. ११ मा रहेको पौडेल चोक देखि वडा नं. १२ जोड्ने पिच बाटोका लागि रकम स्थानान्तरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

आन्तरिक स्रोतबाट फूटकर योजनामा रकम विनियोजित सम्वन्धमा छलफल गर्दा नगरपालिकामा समग्र १ देखि १८ सम्मका वडाहरुमा समानुपातिक तवरबाट रु १,००,०००।- का हिसावले वितरण गर्ने निर्णय गरियो उक्त उल्लेखित रकम वडागत रुपमा वडा समितिहरुले तयार गरेको निर्णय अनुसार पूर्वाधारमा मात्र वितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

गैडाकोट वडा नं. ५ निवासी तिलोचन सापकोटालाई आर्थिक सहायता सम्वन्धमा छलफल गर्दा दैविक प्रकोप जन्य चट्यानको कारणबाट भएको क्षतीलाई राहत स्वरुप रु ५,०००।- दिने निर्णय गरियो ।

**निर्णय नं. ५**

न.पा को नयाँ भवनको प्रयोजनार्थ विद्युत ट्रान्सफरमर खरिद गर्ने सम्वन्धमा छलफल गर्दा नयाँ भवनको प्रयोजनार्थ दीर्घकालिन रुपमा विद्युत भारलाई सहज रुपमा उपभोग गर्ने उद्देश्यका साथ न.पाको आन्तरिक स्रोतबाट ५० के.भी. को प्राविधिकहरुको लागत स्टमेट अनुसार खरिद गर्ने निर्णय गरियो ।

**निर्णय न. ६**

NIC Asia Bank को काउण्टर नगरपालिका परिसरमा राख्न पाउँ भनी आएको प्रस्ताव सम्वन्धमा छलफल गर्दा NIC एसिया बैक लगायत अन्य "क" वर्गका बैंकहरुको बारे थप सूचना प्राप्त गरी जानकारी लिई र अन्य न.पाको अभ्यासको आधारमा कानुनी प्रक्रिया पुरा गरी मात्र राख्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

आ.ब ०७४/०७५ को मालपोत रजिष्ट्रेशन प्रयोजनका लागि न्यूनतम मूल्याङ्कन कायम गर्ने सम्वन्धी छलफल गर्दा सम्वन्धित वडाबाट वडासमितिबाट निर्णय गराई यथासम्भव छिटो न.पा कार्यालयमा बुझाउनुपर्ने निर्णय गरियो ।

# गैंडाकोट नगरपालिका नगर कार्यपालिकाका तेस्रो बैठकका निर्णयहरु

**निर्णय नं. १**

गैडाकोट नगरकार्यपालिकाको कार्यसम्पादन नियमावली २०७४ स्वीकृत सम्वन्धमा छलफल गर्दा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय द्वारा तयार गरी जारी गएिको नमूना कार्य सम्पादन नियमावली २०७४ लाई आधार मानि देहाय बमोजिमको नियमावली स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

नेपालको संविधान र प्रचलित कानुनको अधिनमा रही गैडाकोट नगरकार्यपालिकाले आफ्नो कार्यक्षेत्र भित्र परिचालन गर्न सक्ने राजश्वका स्रोत दायरा र दर समेतको विश्लेषण गरी आगामि आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको अनुमान गर्ने प्रयोजनको लागि देहाय बमोजिम राजश्व परामर्श समिति गठन गरियो ।

संयोजक : नगरउपप्रमुख- श्री विष्णु कुमारी कँडेल
सदस्य : -कार्यकारी अधिकृत गैडाकोट नगरपालिका
,, :- पदमलाल पौडेल
,, :- संगिता घिमिरे
,, :-उद्योग वाणिज्य संघको अध्यक्ष/ प्रतिनिधि
,, :- लेखा अधिकृत गैडाकोट नगरपालिका

**निर्णय नं. ३**

गैडाकोट नगरकार्यपालिकामा प्राप्त हुन सक्ने कुल आयको प्रक्षेपण र सोको सन्तुलित विवरणको खाका तय गर्ने सन्दर्भमा गैडाकोट नगरकार्यपालिकाको देहाय बमोजिमको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन गर्ने निर्णय गरियो ।

संयोजक : नगर प्रमुख- श्री छत्रराज पौडेल
सदस्य : - नगरउपप्रमुख- श्री विष्णु कुमारी कँडेल
,, :- कार्यकारी अधिकृत गैडाकोट नगरपालिका
,, :- रमेश भट्टचन
,, :- श्री गोवर्द्धन ज्ञवाली
,, :- श्री कोकिसरा रानामगर
,, :- लेखा अधिकृत गैडाकोट नगरपालिका

**निर्णय नं. ४**

गैडाकोट नगरकार्यपालिकाको प्रथम नगरसभाको बैठक मिति २०७४ आषाढ २७ गते मंगलबारको दिन बस्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट तयार भएको आयको प्रक्षेपण वितरणको खाकामा गैडाकोट नगरकार्यपालिकाको तेस्रो बैठकले नेपालको संविधानको धारा २३० बमोजिम गैडाकोट नगरकार्यपालिकाको देहायको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्ने निर्णय गरियो ।